राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस नोट

२०७४ पौष २३ गते

## राष्ट्रिय मानव अधिकार आयोग र गभर्नेन्स फसिलीटी नेपाल बीच सहकार्य सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर सम्पन्न

राष्ट्रिय मानव अधिकार आयोगद्वारा आगामी अप्रिल ९ देखि ११ सम्म आयोजना गर्न लागिएको **"Identifying Challenges, Assessing Progress, Moving Forward: Addressing Impunity and Realizing Human Rights in South Asia"** विषयक अन्तर्राष्ट्रिय सम्मेलनमा सहकार्यको लागि आयोग र गभर्नेन्स फसिलीटी, नेपाल बीच सहकार्य सम्बन्धी सम्झौता पत्रमा आज हस्ताक्षर सम्पन्न भएको छ ।

राष्ट्रिय मानव अधिकार आयोगका तर्फबाट माननीय अध्यक्ष अनूप राज शर्मा र गभर्नेन्स फसिलीटी, नेपालका तर्फबाट कार्यक्रम प्रमुख Caroline Vandenabeele ले सम्झौता पत्रमा हस्ताक्षर गर्नुभएको थियो । सो अवसरमा आयोगका माननीय अध्यक्ष अनूप राज शर्माले यस सम्मेलनले नेपाल सुधारोन्मुख प्रजातान्त्रिक प्रक्रिया र दण्डहीनताको अन्त्यका लागि क्रियाशील रहेको छ भन्ने सन्देश अन्तर्राष्ट्रियस्तरमा पुर्‍याउन मद्दत मिल्ने बताउनुभयो । गभर्नेन्स फसिलीटी नेपालका कार्यक्रम प्रमुख Caroline Vandenabeele ले आयोगसँगको सहकार्यमा आयोजित यस सम्मेलनले नेपालमा दण्डहीनतालाई सम्बोधन गर्नका लागि महत्वपूर्ण भूमिका खल्ने बताउँदै आगामी दिनमा समेत आयोगसँग सहकार्य गरी अगाडी बढ्ने भनाई राख्नुभयो ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org